# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल

# २५ औं वार्षिक साधारणसभा

२० पौष २०७७

काठमाडौं



भ्रष्टाचार विरुद्धको चित्रकला– विवेक लामा

# वार्षिक प्रगति प्रतिवेदन

२०७६/०७७

# कार्यसमिति (२०७५-०७७)



खेमराज रेग्मी (अध्यक्ष)



सविता भण्डारी बराल (उपाध्यक्ष)



मुकुन्द बहादुर प्रधान (महासचिव)



किरण थापा (कोषाध्यक्ष)



सुरेन्द्र वीर मालाकार (सदस्य)



बुद्धि नारायण श्रेष्ठ (सदस्य)



कृष्ण ज्ञवाली (सदस्य)



आर्या श्रेष्ठ (सदस्य)



सीताराम अग्रहरी (सदस्य)

---

उपस्थिति



आशिष थापा, कार्यकारी निर्देशक

# विषयसूची

१. राष्ट्रिय सदाचारको स्थिति

२. २४औं वार्षिक साधारणसभा

३. कार्यसमिति

४. कार्यसमितिको पहल र सक्रियता

५. संस्थाबाट सञ्चालित परियोजनाका मुख्य गतिविधिका झलक

६. आर्थिक स्थिति

७. प्रभाव

८. चुनौति

९. आगामी वर्षका योजना (२०७७/०७८)

१०. उपसंहार

११. अनुसूचि

(क) परियोजना र सञ्चालित गतिविधि

भूकम्पपछिको पुनर्निर्माण र पुनःस्थापनामा सदाचार (IPERR) गतिविधि

नेपालको स्वास्थ्य क्षेत्रमा खुला करारका लागि पहल (OC4H) गतिविधि

जलवायु परिवर्तनसँग सम्बन्धित कार्यमा सुशासन र सदाचार (CGI) गतिविधि

सामाजिक जवाफदेहिता र सदाचारका लागि सहकार्य (T-SAI) गतिविधि

(ख) टीआई नेपाल संस्थागत विवरण

(ग) आवद्ध संस्थाहरू

(घ) जिल्ला सम्पर्क कार्यालय

*(महासचिव मुकुन्द बहादुर प्रधानद्वारा २५औं वार्षिक साधारणसभामा प्रस्तुत ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको वार्षिक प्रगति प्रतिवेदन, २०७६-०७७)*

# १. राष्ट्रिय सदाचारको स्थिति

वि.सं. २०५३ सालमा दर्ता भएदेखि भ्रष्टाचारको विरोध तथा सदाचार, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा सक्रिय रहेको ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल २०७६/०७७ को वर्षमा (२४ देखि २५औँ साधारणसभा सम्म) आफ्नो अभियानप्रति सक्रिय रह्यो । यस पटक २०७६ फागुन महिनादेखि कोभिड माहामारी, लकडाउन र निषेधाज्ञाले संस्थाको सार्वजनिक कार्यक्रमहरू पूर्णरुपले प्रभावित भए तापनि समयसापेक्ष विषयमा भ्रष्टाचार विरुद्ध सशक्तरुपमा आवाज उठाइरहने कार्य जारी नै रहे ।

अन्य वर्षको तुलनामा यस वर्ष देशको राष्ट्रिय सदाचार प्रणाली बढी नै प्रभावित रहेको देखिएको छ । संघीय संरचना क्रमिकरुपमा स्थापित भई लोकतान्त्रिक व्यवस्था सुदृढ हुने र आम-नागरिकको जीवनस्तरमा प्रत्यक्ष सकारात्मक प्रभाव पर्ने अपेक्षा व्यवहारमा कार्यान्वयन हुन नसकेको धेरैले अनुभव गरेका छन् । संघीय र प्रदेश सरकारबीच अधिकारको विषयमा गुनासो बढेको छ । राजनीतिक दलहरूभित्र गुटबन्दीका कारण अलोकतान्त्रिकरण सुरु भएको छ । राष्ट्रप्रमुख राजनीतिक दलको आन्तरिक विवादमा मुछिएको चर्चा चलेको छ । सरकारको प्रभाव संवैधानिक अंगहरूको कार्यसम्पादनमा परेको भान हुन्छ । भ्रष्टाचार नियन्त्रणसम्बन्धी ऐनहरू फितलो बनाउने प्रयास भएको विज्ञहरूको राय रहेको छ । धेरै ठूला भ्रष्टाचारका काण्डहरू सञ्चारमाध्यममा नियमितरुपमै उजागर भइरहेको स्थिति छ ।

मन्त्रीहरूमाथि लाग्ने भ्रष्टाचारको आरोपको प्रधानमन्त्रीबाट सार्वजनिकरुपमै मौखिक बचाउमा आउनु र यस्तो बचाउले भ्रष्टाचार नियन्त्रणमा प्रभाव परेको भन्ने हो कि भन्ने आशंका ठूला काण्डमा अख्तियारको निष्कृयताले जन्माएको छ । भ्रष्टाचार विरुद्धको राजनीतिक प्रतिवद्धता र शून्य संवेदनशीलता बोल्ने नारामा मात्र सीमित रहेको आम-मानिसको बुझाइ बढ्दै गएको देखिएको छ । यो बुझाइ हालै सार्वजनिक भएको ग्लोबल करप्सन व्यारोमिटर एसिया २०२० बाट समेत उजागर भएको छ । ब्यारोमिटरमा ५८%ले भ्रष्टाचार बढिरहेको र ८४%ले सरकारी भ्रष्टाचार प्रमुख समस्या रहेको बताएका छन् । यो रिपोर्टप्रति ठाडो अस्वीकृति र आलोचना सरकारका प्रवक्ताबाट व्यक्त गरिनुले सरकारको असहिष्णुता र असंवेदनशीलता प्रकट भएको छ ।

आर्थिक विकास, स्थायित्व र स्थिरताको एजेन्डामा अग्रसर हुनुपर्ने बेला यस वर्ष दुईतिहाई मत पाएको सत्तासिन दलभित्रका गुटहरूको आन्तरिक द्वन्द्वले देशलाई महत्वपूर्ण एजेन्डाहरूबाट विमुख गरेको छ । त्यसमाथि कोभिड-१९ महामारीले पूरै विश्वलाई आक्रान्त बनाएको बेला विपद् व्यवस्थापनमा सरकार र सत्तासिन दलका गुटबीचको द्वन्द्वले नागरिकका अपेक्षामाथि तुषारापात भएको छ । महामारीको व्यवस्थापन र सामाग्री खरिदमा भ्रष्टाचार र अनियमितता भएको छ भने जनगुनासो बढ्दो छ । सरकार, संसद्, न्यायालयजस्ता राज्यका मूल अंग शासनसँग आवद्ध हुने र तिनको व्यवहारबाट मुलुकको स्वरुप देखिने स्थिति यस वर्ष निराशाजनक रहेको छ ।

हालै प्रधानमन्त्रीबाट भएको संसद् विघटनको सिफारिस राष्ट्रपतिबाट स्वीकृत भएको छ । निर्वाचनको मिति सार्वजनिक गरिएको छ । तर, संसद्मा नै प्रधानमन्त्रीमाथि अविश्वासको प्रस्ताव पनि दर्ता भइसकेको अवस्था छ । विघटन असंवैधानिक हो भनी अदालतमा रिट परेको र सम्पूर्ण राजनीतिक दलले विघटनको विरोध गरेको सन्दर्भमा राज्यमा पूर्ण अन्यौलता र अस्थिरताको वातावरण पुनः एकपटक सिर्जना भएको छ । कोभिडबाट आक्रान्त नागरिकलाई औषधि उपचार र भ्याक्सिन उपलब्ध गराउने प्रबन्ध गर्नुपर्ने अवस्थामा मध्यावधि निर्वाचन गराउने सरकारको कदमले मुलुकको स्रोत-साधन महामारी नियन्त्रणमा प्रयोग नहुने हो कि भन्ने आशंका उब्जिएको छ ।

समग्रमा, वर्तमान अवस्थामा भ्रष्टाचार नियन्त्रणको एजेन्डामा राजनीतिक प्रतिवद्धता र इमान्दारिता नदेखिएकोले सरकारको भूमिकामा शंका उत्पन्न भएको छ । सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणमा उच्च राजनीतिक प्रतिवद्धता हुनुपर्ने, सो व्यवहारमै छर्लङ्ग देखिनुपर्ने र सरकारले भ्रष्टाचार हुन नदिने जिम्मेवारी आफ्नो हो भनेर काम गर्नुपर्नेजस्ता मूलभूत विषयलाई नजरअन्दाज गरिँदा राज्यका केही निकाय वा अंगबाट भ्रष्टाचार र अनियमितता रोक्न भएका सकारात्मक नीतिगत, कानूनी र प्रक्रियागत कार्यहरूमात्र सामान्य तथा क्षणिक समाचारका विषयसम्म बन्न सकेको देखिन्छ । यस्ता कार्य उच्चतहबाटै नभएसम्म बीच वा तल्लो तहका प्रयासले तात्विक असर पार्न नसक्ने विगत १५ वर्षको सीपीआई इन्डेक्समा नेपाल भ्रष्ट मुलुकको सूचीमा लगातार रहिरहनुले पनि देखाइसकेको छ ।

जननिर्वाचित झण्डै दुईतिहाईको सरकारले प्राप्त अवसरलाई सदुपयोग गरी भ्रष्टाचारमुक्त समृद्ध नेपाल बनाउने नारा कार्यान्वयन गर्न जरुरी छ । विपक्षी दलले मुख्य सचेतकको भूमिका सशक्तरुप्मा निर्वाह गर्न अझै जरुरी छ । राज्यका सम्पूर्ण निकायहरू आफ्नो कर्तब्यहरूको प्राथमिकीकरणतर्फ उन्मुख हुन आवश्यक देखिन्छ । यस जटिल र विषम परिस्थितिमा विविध चुनौतीका बावजूद पनि टीआई नेपाल आफ्नो उद्देश्यप्राप्तिमा क्रियाशील रहेकै छ ।

## २. २४ औं वार्षिक साधारणसभा

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको २४ औं वार्षिक साधारणसभा २०७६ असोज १७ गते काठमाडौंमा आयोजना गरियो ।

### सभाको निर्णय

१. २३ औं साधारणसभाले गरेका निर्णयहरू २४ औं साधारणसभाद्वारा जानकारीमा लिइयो ।

२. संस्थाले सम्पन्न गरेका विभिन्न क्रियाकलापहरू विस्तृतरुपमा उल्लेख गरी अग्रिमरुपमा सदस्यहरूलाई उपलब्ध गराइएको ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको वार्षिक प्रगति प्रतिवेदन २०७५/०७६ संस्थाका महासचिव मुकुन्द बहादुर प्रधानद्वारा प्रस्तुत भई छलफल भएपश्चात् साधारणसभाद्वारा सर्वसम्मतिले स्वीकृत गरियो ।

३. संस्थाको आम्दानी र खर्चको विस्तृत विवरण उल्लेख गरी अग्रिमरुपमा सभा-सदस्यहरूलाई उपलब्ध गराइएको ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षण प्रतिवेदन संस्थाका कोषाध्यक्ष किरण थापाद्वारा प्रस्तुत भई छलफल भएपश्चात् साधारणसभाद्वारा सर्वसम्मतिले स्वीकृत गरियो ।

४. आर्थिक वर्ष २०७६/०७७ को लेखा-परीक्षकको नियुक्ति र पारिश्रमिकसम्बन्धी निर्णय गर्न कार्यसमितिलाई अधिकार प्रदान गरियो ।

## ३. कार्यसमिति

२४ औं र २५ औं साधारणसभाबीच ६ पटक कार्यसमितिको बैठक र १ पटक व्यवस्थापन उपसमितिको बैठक सम्पन्न भएको छ ।

### समितिका केही मुख्य निर्णय

- २५ औं वार्षिक साधारणसभा २०७७ पौष २० गते सोमबार आयोजना गर्ने । आ.व. २०७७/०७८ को सदस्यता शुल्क बुझाउने मिति २०७७ पौष २० गतेसम्म कायम गर्ने । साधारणसभाको प्रयोजनका लागि सदस्यता नवीकरण साधारणसभासम्मै अद्यावधिक गरी सदस्यको नामावली प्रकाशित गर्ने । संस्थाको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन र लेखा-परीक्षण प्रतिवेदन अनुमोदन गर्ने । आ.व. २०७७/०७८ को लेखा-परीक्षकको रुपमा PM & Associates लाई पुनः नियुक्त गर्ने । २५ औं वार्षिक साधारणसभाको निर्वाचन अधिकृतका रुपमा मानार्थ सदस्य वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद भण्डारीलाई नियुक्त गर्ने ।
- हाल काठमाडौं उपत्यकामा कोभिड-१९ संक्रमण बढ्दो रहेको, जिल्ला प्रशासन कार्यालय काठमाडौं, ललितपुर र भक्तपुरबाट सभा-सम्मेलन नगर्न जारी गरेको आदेश कायमै रहेको, हालको अवस्थामा निर्वाचनमा भाग लिन सदस्य स्वयम् उपस्थित हुन सहज नहुन पनि सक्ने भएको तथा अधिकांश सदस्यबाट हालको संक्रमण अवस्थामा पौष महिनाभित्र सभा सम्पन्न गर्न उपयुक्त हुने सुझावसमेत प्राप्त भएको विषयलाई मध्यनजर गर्दै संस्थाको वार्षिक साधारणसभा विधानको दफा १३ बमोजिम आउँदो २०७७ पौष मसान्तभित्र आयोजना गर्ने र सोबारे सबै सदस्यलाई जानकारी गराउने ।
- संस्थाका कर्मचारीको वार्षिक सेवा करारनामा आषाढ ३१, २०७७ मा अन्त हुनेमा Operational Manual मा भएको व्यवस्थाबमोजिम कर्मचारीको Performance, Evaluation लाई मध्यनजर गर्दै सम्वद्ध परियोजनाको अवधि र उपलब्ध बजेटको आधारमा परियोजना कर्मचारीको सेवा करारनामा नवीकरण गर्नेतर्फ व्यवस्थापन उपसमितिले आवश्यक निर्णय गर्ने ।
- कोभिड-१९ का कारण उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै कार्यसमिति, व्यवस्थापन उपसमितिका तथा अन्य बैठक प्रतिकूल परिस्थिति रहिरहे आगामी दिनमा Digital/Video Conference/Email/ Telephone जस्ता माध्यमबाट पनि गर्न सकिने ।
- संस्थामा कार्यरत कर्मचारीका लागि आचारसंहिता प्रस्ताव गरिएकामा छलफल भएपश्चात् सो स्वीकृत गर्ने । आचारसंहितालाई संस्थाको Operation Manual 2018 मा समावेश गर्ने ।
- कार्यसमितिको निर्णयबमोजिम सदस्यता नवीकरणका लागि विभिन्न चरणमा गरिएको पत्राचारपश्चात् पनि आफ्नो सदस्यता नवीकरण गर्न इच्छुक नदेखिनुभएका श्री सर्वज्ञरत्न तुलाधर, श्री जगतमान शाक्य, श्री पुरुषोत्तम बाँस्कोटा, श्री वीरेन्द्रप्रसाद मिश्र, श्री केदार सुवेदी र श्री फुर्पा तामाङको नाम सदस्यता सूचीमा नरहने विधानको धारा ९ ‘घ’ कार्यान्वयन गर्ने ।

- भ्रष्टाचार नियन्त्रण र सदाचारसम्बन्धी सन्देश दिने तथा पुनर्निर्माण, जलवायु परिवर्तन, स्वास्थ्य सेवा, सार्वजनिक सेवाजस्ता विषयवस्तुमा आधारित भई वि.सं. २०७७ को संस्थाको क्यालेन्डरमा प्रयोग हुने चित्रकलाका लागि चित्रकला प्रतियोगिता सम्पन्न गरी प्रदर्शन आयोजना गर्ने ।
- प्रहसन, नाटक, गीत, संगीत र स्पष्ट विचारका माध्यमबाट नेपाली समाजमा भ्रष्टाचारको विकृत रूप र त्यसको नियन्त्रण, सामाजिक अन्याय र त्यसको विरोध, जवाफदेहिता र सदाचारको सन्देश प्रचार-प्रसार गरी नेपाली समाजको रूपान्तरणको क्रममा विगतका पाँच दशकभन्दा बढी समयमा भएको संयुक्त प्रयास, अभियान र निरन्तर लगावको उच्च सम्मान गर्दै ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको राष्ट्रिय सदाचार सम्मान २०७६ महजोडी श्री मदनकृष्ण श्रेष्ठ र श्री हरिवंश आचार्यलाई प्रदान गर्ने ।
- सामाजिक सुरक्षा कोषमा कर्मचारीको सेवा-सुविधासम्बन्धी रकम जम्मा गर्नेबारेको लेखा-परीक्षकको सुझाव समितिसमक्ष जानकारी गराइँदा यस विषयमा हाल केही अन्योल रहेकाले थप कुरा बुझिएपछि पुनः छलफल गर्ने ।
- २४औं साधारणसभाद्वारा प्रत्यायोजित अधिकारबमोजिम समितिमा सचिवालय र कोषाध्यक्षद्वारा सिफारिस भएको र गतवर्ष लेखा-परीक्षकका रूपमा संलग्न रहेको चार्टर्ड एकाउटेन्ट पि.एम.एस. एशोसिएट्सहरूलाई संस्थाको आ.व. २०७६/०७७ को लेखा-परीक्षकका रूपमा नियुक्ति गर्ने ।
- Climate Governance Integrity (CGI) कार्यक्रममा व्यवस्था भएबमोजिम सार्वजनिक सूचना, अन्तर्वार्ता र लिखित परीक्षाबाट सम्पन्न गरी व्यवस्थापन उपसमितिको छनोट टोलीको सिफारिस गरेको सन्दर्भमा कार्यक्रम अधिकृतमा प्रकृतीश्री अधिकारीलाई मंसिर २३, २०७६ देखि लागू हुनेगरी नियुक्ति गर्ने ।
- कार्यसमितिको निर्णयबमोजिम कार्यकारी निर्देशकद्वारा तयार गरिएको National Chapter Accreditation सम्बन्धी दस्तावेज Transparency International समक्ष प्रस्तुत गरिएपश्चात् ट्रान्सपरेन्सी इन्टरनेसनलद्वारा यस संस्थाको National Chapter आवद्धता १६ जनवरी २०२० देखि तीन वर्षका लागि नवीकरण गर्ने निर्णय गरिएको र सोसम्बन्धी समझदारी-पत्रमा अध्यक्षद्वारा हस्ताक्षर गरिएको कार्य अनुमोदन गर्ने ।
- बैठकमा प्रस्तुत पत्रका आधारमा छलफलपश्चात् संस्थालाई शहिद स्मृति पुस्तकालय, रुपन्देहीबाट सदाचार जागरणका लागि पुरस्कार ग्रहण गर्न अनुरोध आएकोमा सो स्वीकृत गर्ने ।
- टीआई बर्लिनको सन् २०१९ को साधारणसभाका लागि दुईजना प्रतिनिधि मनोनयन गर्न सकिने जानकारी टीआईबाट प्राप्त भएकामा उक्त सभामा संस्थाका अध्यक्ष र महासचिवले सहभागिता जनाउने ।

## ४. कार्यसमितिको पैरवी र वकालत

२३औं साधारणसभाबाट निर्वाचित कार्यसमितिद्वारा सक्रियतापूर्वक सरकार, संसद्, न्यायालय, संवैधानिक निकायलगायत अन्य सरोकारवालालाई भ्रष्टाचार निवारण र सदाचार प्रवर्द्धनमा पैरवी र नीतिगत वकालत गर्न पत्र, प्रेस वक्तव्यमार्फत निम्न विषय उठाइएको र सुधारका लागि ध्यानाकर्षण गराइएको छ। टीआई नेपालका अध्यक्षलगायत पदाधिकारीको सक्रियतामा संस्थाका धारणा र सुशासन कायम गराउने पहलस्वरुप सार्वजनिक महत्वका विषयमा टिभी, रेडियो र छापामार्फत आफ्ना धारणा राख्ने काम भएको छ :

### भ्रष्टाचारको नागरिकस्तरबाटै विरोध गरौं

संयुक्त राष्ट्र संघीय महासन्धिका प्रावधानबमोजिम नेपाली ऐन-कानूनमा आवश्यक सुधार र थप नयाँ कानूनको निर्माणतर्फ यथाशिघ्र आवश्यक कदम चाल्न तथा कोभिड-१९ सम्बन्धी सरकारी कार्यहरू थप पारदर्शी एवं प्रभावकारी र चुस्त बनाउँदै भ्रष्टाचारको सम्भावना न्यून गर्न सरकारलाई अनुरोध गर्दै आम सचेत नागरिकलाई पनि महासन्धि कार्यान्वयन हुने वातावरण बनाउन सरकारलाई दवाब दिन, भ्रष्टाचार रोक्ने मुख्य जिम्मेवारी सरकारको हो भन्ने कुरामा सचेत रहन, भ्रष्टाचार नियन्त्रणमा युवाको संलग्नता बढाउन, शिक्षा र स्वास्थ्यजस्ता अति संवेदनशील क्षेत्रलाई भ्रष्टाचारबाट जोगाउन र भ्रष्टाचारलाई उजागर गर्न अपिल जारी गरिएको छ ।

### भ्रष्टाचार एसियाकै प्रमुख समस्या

टीआईद्वारा एसियाका १७ देश समेटेर जारी गरिएको अध्ययन प्रतिवेदन ग्लोबल करप्सन ब्यारोमिटरमा भ्रष्टाचार यस भेकमा नघटेको बरु बढेको छ भन्ने देखाएको छ। प्रतिवेदनले नागरिकले राज्यबाट पाउनुपर्ने आधारभूत सेवा-सुविधा लिने क्रममा समेत घूस दिनु परेको देखाएको छ। नेपालका सन्दर्भमा पनि सरकार प्रमुख र सरकारले भ्रष्टाचार रोक्न नसकेको, सरकारप्रति नागरिकको विश्वासमा कमी रहेको भन्ने आशय रहेको हुँदा यसतर्फ सर्वसाधारण र सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दै भ्रष्टाचारको नागरिकस्तरबाटै विरोध गर्नका लागि आव्हान गरिएको छ ।

## डा. गोविन्द केसीको जीवन रक्षा गर

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले 'राष्ट्रिय सदाचार सम्मान' द्वारा सम्मानीत डा. गोविन्द केसीको जीवन रक्षाका लागि विज्ञप्ति जारी गर्दै स्वास्थ्य सेवा एवं स्वास्थ्य शिक्षा क्षेत्रमा विद्यमान विकृति विसंगतिका विरुद्ध सत्याग्रहका माध्यमबाट पटक-पटक सरकारको ध्यानाकर्षण गराउँदै आउनुभएको परिपेक्षमा सरकार स्वयंले तत्परता देखाएर सम्झौताका बाँकी विषयहरूको कार्यान्वयन गरी आमरण अनसन बस्नुपर्ने अवस्थाको अन्त्यका लागि जोडदार मागसहित प्रेस विज्ञप्ति जारी गरिएको छ ।

## स्वतन्त्र निष्पक्ष र निर्भिक आयुक्तहरूको सिफारिस होस्

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र लामै समयदेखि अन्य आयुक्तहरूको पद रिक्त रहँदा ठूला भ्रष्टाचार (Grand Corruption) का मुद्दाहरू अल्मलिएको, साथै संवैधानिक परिषद्ले प्रमुख आयुक्त तथा आयुक्तहरूको सिफारिस गर्दा (क) दलीय तथा परिषद्कै सदस्यहरूको बीचमा भागवण्डा नगरी संविधानको मर्म र भावनाअनुरुप स्वतन्त्र, निष्पक्ष र निर्भिक व्यक्ति सिफारिस गर्न, (ख) कुनै पनि राजनीतिक दलको सदस्य नभई स्वतन्त्र छवि बनाएको व्यक्ति, (ग) राजनीतिक नेताहरूसँगको सामिप्यता नभई कानून, न्याय तथा विश्वविद्यालय एवं स्वतन्त्र निकायका अनुसन्धानकर्ताहरूलाई समेत ध्यान दिन, (घ) उच्च नैतिक चरित्र एवं ख्यातिप्राप्त, (ङ) देशका प्रतिष्ठित एवं प्रवुद्ध वर्गको राय सुझाव लिन र आवश्यकताअनुसार सार्वजनिक सुनुवाइसमेत गर्न हार्दिक अनुरोधसहित पत्राचार गरिएको छ ।

## ठूला भ्रष्टाचारका मुद्दाहरूमा अख्तियारको सकृयता बढोस्

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तामेलीमा राखेको भनिएको नेपाल आयल निगमको जग्गा खरिद प्रकरणको फाइल ब्यूँत्याउन, वाईडबडी जहाज खरिद प्रकरण, न्यारोबडी जहाज खरिद प्रकरण, नेपाल ट्रष्टको जग्गाहरू यति कम्पनीलाई लिजमा दिएको प्रकरण, सेक्युरिटी प्रेश खरिद सम्बन्धमा तत्कालिन मन्त्रीको अडियो प्रकरण र स्वास्थ्य सामाग्री खरिदमा ओम्नी समूहद्वारा गरिएको व्यापक अनियमिततासम्बन्धी दोषीहरूलाई अदालतको कठघरामा पुऱ्याइओस् भनी जोडदार माग गरिएको छ ।

## लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतमा विवादास्पद ब्यक्ति नियुक्त गरेकामा आपत्ति

नेपाल सरकारले लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतमा आर्थिक तथा राजनीतिक विचौलियाको रुपमा काम गर्ने अत्यन्त विवादास्पद छवि बनाएका व्यक्तिलाई नागरिक आवाजको उपेक्षा गरी नियुक्त गरेकामा संस्थाले ध्यानाकर्षण गर्दै उक्त विवादास्पद नियुक्ति खारेज गरी जनतामा आशा र विश्वासको सञ्चार गराउन जोडदार माग राखिएको छ ।

## कोभिड-१९ महामारीका समयमा सरकार जनताप्रति संवेदनशील बनोस्

कोभिड-१९ महामारीको आपतकालिन ब्यवस्थापनको नाममा प्रचलित कानूनको मर्यादाविपरित अपारदर्शीढंगबाट हतार-हतारमा स्वास्थ्य सामाग्री आपूर्ति गर्न अनुभवहीन कम्पनीलाई ठेक्कापट्टा दिई राज्यकोषको दुरुपयोग गरेकोमा आपत्ति जनाएको छ । त्यसैगरी स्थानीय तहमा स्थापना गरिएका अधिकांश क्वारेन्टिन तथा आइसोलेशन सेन्टरहरू न्यूनतम मापदण्डबमोजिम नरहेको । पहिले १० अर्ब खर्च भयो भनी भनिएकोमा पछि करिब ८ अर्ब ४८ करोड रुपैयाँको हिसाब प्रस्तुत गरियो । अतः राष्ट्रिय विपद्को संवेदनशीलता र गम्भीरतालाई हृदयङ्गम गर्दै सरकारले अझ बढी जवाफदेही, पारदर्शी र सदाचारी कार्यशैली अवलम्बन गरोस् भन्दै अनियमिततामा संलग्न दोषीउपर कडा कारवाही गर्न जोडदार माग गरिएको छ ।

## कोभिड-१९सम्बन्धी विपद् व्यवस्थापन कार्यमा जवाफदेहिता,पारदर्शिता र सदाचार कायम होस्

कोभिड-१९ संक्रमणको महामारीबाट नेपालमा संक्रमणको सम्भावना कम गर्न तिनै तहका सरकारबाट भइरहेका र हुने विपद् ब्यवस्थापनका कार्यमा जवाफदेहिता, पारदर्शिता र सदाचार कायम होस् भन्ने हेतुले १० बुँदे अपिलसहित सम्बन्धित पक्षको ध्यानाकर्षण गराइएको छ ।

## स्वास्थ्य सामग्री खरिद प्रकरणको छानविन होस्

मुलुकले कोभिड-१९ सँगै राष्ट्रिय विपद्सँग लड्न सरकारलाई पूर्णरुपमा साथ र सहयोग दिइरहेको अवस्थामा आपतकालिन संवेदनशीलताको दुरुपयोग गर्दै राजनीतिक नेतृत्व तहकै संलग्नतामा अति आवश्यक स्वास्थ्य सामग्रीहरूको खरिद प्रकरणमा राज्यकोषको चरम अपचलन गर्ने दुष्प्रयासको सञ्चारमाध्यम तथा नागरिक समाजले उजागर गरेका छन् । अतः प्रधानमन्त्रीकै भ्रष्टाचार विरोधी प्रतिवद्धतालाई कार्यान्वयन गर्न स्वास्थ्य

सामग्री खरिद भ्रष्टाचार प्रकरणमा संलग्न राजनीतिक नेतृत्व तहसमेतका सबै पदाधिकारीहरूमाथि आवश्यक अनुसन्धान गरी निर्मम कारवाहीका लागि सम्माननीय प्रधानमन्त्रीज्यू एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग टीआई नेपालद्वारा जोडदार माग गरिएको छ ।

## भ्रष्टाचारीउपर निर्मम कारबाही होस्

कहिले मन्त्रिपरिषद्को नीतिगत निर्णयका नाममा त कहिले सरकार सरकारका बीचमा हुने खरिद सम्झौताका नाममा अनियमितता र भ्रष्टाचारका प्रकरण भएका छन् । सेक्युरिटी प्रेस खरिद प्रकरणमा तत्कालीन वहालवाला मन्त्री र दलालका बीचमा ७० करोडभन्दा बढी रुपैयाँ कमिशनको नाममा भ्रष्टाचार गर्ने बदनियतबाट बार्गेनिङ भइरहेको श्रव्य सामग्री प्रचारमा आए । यी र यस्ता भ्रष्टाचार प्रकरणमा संग्लग्न तत्कालीन मन्त्रीसहित अन्य मतियारलाई कुनै पनि शक्ति केन्द्रको दबाव र प्रभावमा नपरी निष्पक्ष तथा निर्भीकतापूर्वक यथाशीघ्र कारबाही प्रक्रिया अगाडि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत सम्बन्धित निकायहरूको गम्भीर ध्यानाकर्षण गराइएको छ ।

## ठूला भ्रष्टाचारउपर पनि यथाशीघ्र कारबाही अघि बढाइयोस्

ललिता निवास बालुवाटार जग्गा प्रकरणमा दवाबमूलक निर्देशन दिने तत्कालीन प्रधानमन्त्रीहरूलाई मन्त्रीपरिषद्को नीतिगत निर्णयको नाममा उन्मुक्ति दिनु र केही शक्ति केन्द्रका व्यक्तिहरूलाई विभेदकारी मापदण्ड अपनाई कारबाहीको दायरामा नल्याउनुजस्ता केही कार्यले गम्भीर आशंका जन्माएको छ । त्यस्तै नेपाल आयल निगमको जग्गा खरिद प्रकरण, दुईवटा वाइडबडी जहाज खरिद प्रकरणमा चार अर्ब ३५ करोडभन्दा बढी रुपैयाँ अनियमिततामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कारबाही प्रक्रियामा देखाएको ढिलासुस्ती, नेपाल वायुसेवा निगमले खरिद गरेका दुईवटा न्यारोबडी जहाज सम्बन्धमा करिब चार करोड २० लाख रुपैयाँ घुसबापत् रकम भुक्तानी प्रकरण, करिब २० करोड रुपैयाँ नेपाली मध्यस्थकर्ता र अधिकृतहरूलाई भुक्तानीका विषयमा दोषीहरूउपर कडा कारबाही गर्न ध्यानाकर्षण गराइएको छ ।

## भ्रष्टाचार विरोधी अभियानमा संलग्न हुन आह्वान

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालले २०७७ भाद्र ३ गतेका दिन आफ्नो २५औँ स्थापना दिवसका अवसरमा भ्रष्टाचार विरोधी अभियानमा संलग्न हुन सबै वर्ग र तप्काका नागरिकहरूलाई अपिल गर्दै मुलुकमा भइरहेका आर्थिक तथा प्रशासनिक अनियमितता र विसंगतिका विरुद्ध संगठित आवाज उठाउन नागरिक समाज, सञ्चारमाध्यम तथा समाजका सचेतवर्ग सबैलाई आह्वान गरिएको छ ।

## नेपालमा भ्रष्टाचारको स्थिति अझ चिन्ताजनक

टीआईद्वारा जारिगरिएको सीपीआई प्रतिवेदन २०१९ मा नेपाल ३४ अङ्क प्राप्त गरी ११३ औं स्थानमा रहेको नेपालको भ्रष्टाचारको स्थिति अझै चिन्ताजनक रहेको देखाएको छ। सरकारको भ्रष्टाचार विरोधी प्रतिवद्धताअनुरुप कार्यान्वयन नहुनु, सार्वजनिक क्षेत्र र व्यापार व्यवसायमा भ्रष्टाचार र अधिकारको दुरुपयोग यथावत रहनु, सूचनामा नागरिकको पहुँचमा कमी हुनु, राज्य सञ्चालनमा सीमित समूहको पकड हुनु, राजनीतिक क्षेत्र भ्रष्टाचार नियन्त्रणमा गम्भीर नहुनुजस्ता दीर्घकालीन समस्याहरूमा सुधार हुन सकेको छैन । अतः सार्वजनिक सेवामा सरोकारवालाहरूको पहुँच, राजनीतिमा पैसाको प्रभावलाई न्यूनीकरण, स्वार्थको द्वन्द्वमा संबोधन, निर्णय प्रक्रियामा सरोकारवालहरूको अर्थपूर्ण पहुँच, निर्वाचनमा देखिने विकृतिहरूको अन्त्य तथा नागरिक, सामाजिक अभियन्ता र पत्रकारहरूको सशक्तिकरणजस्ता विषयको संबोधनबाट भ्रष्टाचार नियन्त्रण गर्न र राजनीतिप्रति विश्वास जगाउन सरकारलाई सुझाव दिइएको छ ।

## गोकर्ण रिसोर्टसँगको सम्झौता नवीकरण खारेज गरियोस्

नेपाल सरकारले नेपाल ट्रस्टअन्तर्गतको गोकर्ण फरेस्ट रिसोर्ट र त्यसले चर्चेको करिब तीन हजार रोपनी जग्गा पुरानो सम्झौता अवधि २०८२ श्रावण मसान्तसम्म झन्डै ६ वर्ष बाँकी नै रहेको अवस्थामा अत्यन्त अपारदर्शीढंगबाट सार्वजिनिक खरिद ऐनको ठाडो उल्लंघन गरी हतारहतारमा यति होल्डिङ्स प्रालिलाई स्वस्थ प्रतिस्पर्धाविना नेपाल ट्रस्ट स्थापना गर्दाको मूल मर्मविपरीत थप २५ वर्षका लागि लिजमा दिइएकोमा ध्यानाकर्षण गराइएको छ ।

## ५. संस्थाबाट सञ्चालित परियोजनाका मुख्य गतिविधिका झलक

संस्थाको रणनितिक कार्ययोजना कार्यन्वयन गर्न गतवर्षकै निरन्तरताका रुपमा यो वर्ष पनि संस्थाका निम्न परियोजना सञ्चालनमा रहेका थिए ।

### परियोजना

**पुनर्निर्माण र पुनःस्थापनामा सदाचार (आईपीईआरआर)**
भूकम्पपछिको पुनःस्थापना र पुनर्निर्माणको काममा सदाचार प्रवर्द्धन गर्ने उद्देश्यकासाथ इयूको सहयोगमा १४ अति प्रभावित जिल्लाहरूमा सम्पर्क कार्यालयहरूमार्फत पुनर्निर्माणको कार्यमा नीतिगत, कार्यगत र व्यवहारगत सदाचारका लागि सहकार्य गर्न यो परियोजना विगत ५ वर्षदेखि सञ्चालनमा रहेको छ ।

**स्वास्थ्य क्षेत्रमा खुला करारका लागि पहल (ओसीफोरएच)**
स्वास्थ्य तथा खरिद सम्बद्ध सरकारी निकाय, निजी क्षेत्र, नागरिक समाज र सरोकारवालाको संलग्नतामा नेपालमा स्वास्थ्य क्षेत्रमा खुला करारको प्रवर्द्धन गर्न यो परियोजना टीआईको सहयोगमा विगत ३ वर्षदेखि सञ्चालित छ ।

**जलवायु परिवर्तनसँग सम्बन्धित कार्यमा सुशासन र सदाचार (सीजीआई)**
केन्द्रीय/प्रादेशिक/स्थानीय सरकार, नागरिक समाज तथा सम्बन्धित सरोकारवालाहरूको संलग्नतामा जलवायु परिवर्तनको क्षेत्रमा सुशासन कायम गर्न र वित्तीय पारदर्शिता अभिवृद्धि गर्न टीआईको सहयोगमा यो परियोजना विगत २ वर्षदेखि लक्षित छ ।

**सामाजिक जवाफदेहिता र सदाचारका लागि सहकार्य (टीसाई)**
यस वर्ष टीआईको सहयोगमा सार्वजनिक क्षेत्रमा जवाफदेहिता, सुशासन र सदाचार अभिवृद्धि गर्न सरकार, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य गर्न यो बहुआयामिक परियोजना सञ्चालनमा ल्याइएको छ ।

### परियोजनाका मुख्य गतिविधि

कोभिड-१९ का कारण सरकारद्वारा जारी लकडाउन, निषेधाज्ञा र सभा-सम्मेलन तथा आवत-जावतमा रोकटोकले गर्दा परियोजनाका तय गरिएका गतिविधि यस वर्ष तुलनात्मकरुपमा कमै सम्पन्न हुन सकेका छन् । सम्पन्न भएका विविध गतिविधिहरू मुख्यरुपमा निम्न प्रकृतिका छन् :

#### अध्ययन, अनुसन्धान, सर्वेक्षण, विश्लेषण

यस वर्ष पुनर्निर्माण र स्वास्थ्य क्षेत्रसँग सम्बन्धित ४ वटा अध्यनयहरू सम्पन्न भएका छन् । A Study of Public Procurement in Health Sector र Post-Earthquake Reconstruction Work : Successes and Challenges अध्ययन प्रतिवेदन सम्बन्धित सरकारी निकायको ध्यानाकर्षण र सुझाव कार्यान्वयनका लागि पठाइएको छ । स्वास्थ्य तथा सार्वजनिक खरिद विषयका दुई अध्ययन प्रतिवेदन प्रकाशन र पैरवीका लागि अन्तिम तयारीमा रहेको छ । ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा जारी गरिएको Corruption Perception Index 2019 र Global Corruption Barometer Asia 2020 नेपालमा सार्वजनिक गरिएको छ । सरकारी कार्यालयमा सामाजिक जवाफदेहिताका औजारको प्रयोग, स्वास्थ्य क्षेत्र सम्बन्धित प्रकाशित हुने खरिद सूचनाहरूको मापनका गरी तथ्यांक विश्लेषण प्रस्तुति सुरु गरिएको छ । विभिन्न अध्ययन, अनुसन्धानबाट भ्रष्टाचार, ढिलासुस्ती, विषयहरू उजागर भएका छन् भने फितलो कार्यान्वयन, समन्वयको अभाव, सूचनाको कमीजस्ता केही नीति र प्रक्रियाहरू सुरु गरिएको सकारात्मक पक्ष पनि देखिएको छ ।

#### बैठक, सभा, सम्मेलन, छलफल, तालिमको आयोजना

सामाजिक जवाफदेहिता, पुनर्निर्माण, खुला करार र जलवायु परिवर्तन विषयसँग केन्द्रित रही संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारका साथै उद्योगी-व्यवसायी, पत्रकार, गैर-सरकारी संस्था, विद्यार्थी, स्वयम्सेवी, प्राविधिक, बैंक, पीडित, सेवाग्राही, सरोकारवाला आदिसँग १९ वटा जिल्लाहरूमा छलफल तथा भेटघाटकासाथै अन्तरक्रिया, सभा/सम्मेलन र तालिम आयोजना गरिएको छ । यस्ता कार्यहरूबाट जवाफदेहिता, पारदर्शिता र सदाचारका विषयमा थप नीति-निर्माण र कार्यान्वयनमा हुनसक्ने सुधारका लागि वहस पैरवी गरिएको छ ।

#### अवलोकन, अनुगमन, मापन

सरकारीस्तरका निर्माण संरचना, तिनका योजना तथा बजेटको कार्यान्वयनको स्थिति बुझ्न पुनर्निर्माण भइरहेका विद्यालय, निजी अवास, स्वास्थ्यचौकी, पुरातात्विक संरचना, सडक, खानेपानी, सरकारी भवनको प्राविधिक

अवलोकन र तथ्य टिपोटकासाथ सुधार गर्नुपर्ने पक्षबारे सम्बन्धित पक्षलाई धारणा प्रदान गरिएको छ। प्रदेशस्तरमा स्वास्थ्य कार्यालयहरूको खरिद नीति र प्रक्रियाको मापन गरी प्रारम्भिक तथ्यांक तयार गरिएको छ। जलवायु परिवर्तनका असरबारे प्रभावित केही क्षेत्रको नमूना अवलोकन गरी परेको असरबारे समुदायहरूको धारणा संकलन गरिएको छ। स्थानीय सरकारको सहयोगमा १४ जिल्लामा निर्माण सामाग्रीको बजारमूल्य र गुणस्तर निरीक्षण सम्पन्न भएको छ। यस्ता कार्यहरूबाट नागरिक संस्थाको सहयोगी र पहरेदारी भूमिका बढाउन मद्दत पुगेको छ।

## सञ्चार माध्यमबाट सन्देश सम्प्रेषण

संस्थाको अभियानको पहुँच व्यापक बनाउँदै समाजका हरेक तप्कामा सदाचार केन्द्रित सन्देश पुऱ्याउन उपत्यकामा रेडियो नेपाल, रेडियो सगरमाथा, उज्यालो एफएम, जनसञ्चार एफएमकासाथै काठमाडौं बाहिरका १३ रेडियो स्टेशनबाट रेडियो कार्यक्रमहरू र जनहितमा जारी छोटो सन्देश प्रचार-प्रसार गरिएको छ। यस्ता सन्देश स्वास्थ्य सेवा प्रवाह, पारदर्शी खरिद, पुनर्निर्माणमा सदाचार, जवाफदेहिता अभिवृद्धि र जलवायु परिवर्तन नियन्त्रणसम्बन्धी रहेका छन्। यस्तै प्रकारका सन्देश काठमाडौं उपत्यकामा राष्ट्रिय दैनिकमा र अन्य १३ जिल्लामा दैनिक पत्रिकाहरूमा पनि प्रकाशन गरिएको छ। पुनर्निर्माणका विषयमा रेडियो, अनलाइन र पत्रिकामा आवद्ध पत्रकारहरूसँग समय-समयमा अन्तरक्रिया गरी फेलोशिप र सफलताको कथालेखन गराई संस्थाको सन्देशको पहुँच बढाउने कार्य गरिएको छ। खुला करार, जलवायु परिवर्तन र पुनर्निर्माणका विषय डकुमेन्ट्रीहरू तयार गरी केहीको टीभी माध्यमबाट प्रचार-प्रसार पनि गरिएको छ।

## गुनासो संकलन, सार्वजनिक सुनुवाइ र पत्राचार

भ्रष्टाचार, अनियमिता, सेवाप्रवाह, ढिलासुस्तीजस्ता समस्याबारे नागरिकको धारणा बुझ्न सरोकारवाला संघीय वा स्थानीय सरकारका कार्यालयहरूसँग समन्वय गरी सहायता कक्ष, गुनासो संकलन र सार्वजनिक सुनुवाइ १६ जिल्लामा सम्पन्न भएका छन्। कार्यक्रमहरूमा संकलित गुनासो मूलतः पुनर्निर्माण र जलवायु परिवर्तनसँग सम्बन्धित रहेका छन्। प्राप्त गुनासो सम्बन्धित सरकारी कार्यालयहरूसँग समन्वय गरी सहजीकरण गरी पीडितलाई मद्दत गरिएको छ।

## विद्यार्थी तथा स्वयम्सेवी अभिमुखीकरण र परिचालन

विद्यार्थी तथा युवावर्गको भ्रष्टाचार विरोधी अभियानमा रहने भावी योगदानलाई मध्यनजर गर्दै १६ जिल्लाका केही विद्यालयहरूमा सदाचार शिक्षा र विपद् व्यवस्थापन केन्द्रित अभिमुखीकरण गरिएको छ। त्यस्ता विद्यार्थीलाई संस्थाको कार्यमा स्वयम्सेवीको रुपमा संलग्न गराई कार्यगत पक्षको पनि थप ज्ञान दिइएको छ। यस्तै स्वास्थ्य सेवा, जलवायु परिवर्तन, पुनर्निर्माण, सामाजिक जवाफदेहिता र भ्रष्टाचार नियन्त्रणमा केन्द्रित रहँदै काठमाडौंका क्याम्पसस्तरका विद्यार्थीहरूबीच एक चित्रकला प्रतियोगिता आयोजना गरी उत्कृष्ट चित्रहरूलाई ललितकला एकेडेमीको सभाकक्षमा सार्वजनिक प्रदर्शनीमा पनि राखिएको छ।

## पिछडिएका वर्ग, महिला, बृद्ध र न्यून आय भएकासँग भेटघाट

सरकारको नियमित सेवाप्रवाहबाट बाहिर रहने तथा सभा-सम्मेलनमा प्रायशः संलग्न नहुने पिछडिएका वर्ग, महिला, न्यून आय भएका र बृद्धहरूसँग सरकारी सेवाप्रवाहमा केन्द्रित रहँदै पुनर्निर्माणका समस्या संकलन गर्न १४ जिल्लामा भेटघाट गरिएको छ। प्राप्त समस्या राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा प्रस्तुत गरिएको छ।

## सदाचार प्रतिवद्धता मापन

जलवायु परिर्वतन र पुनर्निर्माणको कार्यमा सदाचार बढाउन स्थानीय सरकार र अन्य संघ-संस्थाको सदाचार प्रतिवद्धता सार्वजनिक गर्न पहल गरिएको छ। प्रतिवद्धता भ्रष्टाचार न्यूनीकरण, चुस्त सेवाप्रवाह र पारदर्शिता केन्द्रित रहेको छ। यस्तो प्रतिवद्धतामा भएको प्रगति समय-समयमा मापन गरी सुधार गर्नुपर्ने विषय पहिल्याउन बैठकहरू आयोजना गरी नागरिकस्तरमा प्रतिवद्धताको प्रभावकारिताबारे प्रस्तुति गराइएको छ।

## प्रचार-प्रसार सामाग्री प्रकाशन तथा वितरण

संस्थाको ४ वटा परियोजनाका गतिविधि सहयोगी प्रचार सामाग्रीहरू– ब्रोसर, पम्प्लेट, पर्चा, होडिङ बोर्ड, सूचना बोर्ड, बुलेटिन, वेभसाइट, एलईडी बोर्ड, फ्लेक्स प्रीन्ट, खुला करार हातेपुस्तिका आदि छपाइ गरी परियोजना गतिविधिहरूमा उपस्थितबीच वितरण गरिएको छ। यसबाट विविध विषयमा यस संस्थाको धारणा सरोकारवालाहरूसम्म पुऱ्याउन र ज्ञानवर्द्धक सामाग्रीको भण्डार बढाउन सहयोग पुगेको छ।

### राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसमा सक्रियता

भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस, विश्व वातावरण दिवस, स्वास्थ्य दिवस, भूकम्प सुरक्षा दिवस, भूकम्प स्मृति दिवसजस्ता अवसरमा सार्वजनिक स्थलमा ऱ्याली, गुनासो तथा सुझाव संकलन, पर्चा वितरण, सरकारी कार्यक्रममा सहभागिता, जनधारणा मापनजस्ता कार्यहरू सम्पन्न गरी भ्रष्टाचार विरुद्ध ऐक्यवद्धता जनाउने कार्यहरू गरिएको छ ।

संस्थाद्वारा सम्पन्न परियोजना गतिविधिका विवरण तथा तथ्यांक अनुसूचिमा रहेको छ ।

## ६. आर्थिक स्थिति

यस आर्थिक वर्षमा दातृ निकायको सहयोगमा ४ वटा कार्यक्रम/परियोजनाहरू सञ्चालन भइरहेका छन् । संस्थाको तलब तथा प्रशासनिक खर्च परियोजनाले नै ब्यहोर्ने व्यवस्था मिलाइएकाले कार्यालय सञ्चालन र जनशक्तिको व्यवस्था नियमित हुन सकेको छ ।

- २०७६/०७७ मा संस्थाको कुल आम्दानी करिब रु.२ करोड ९७ लाख रह्यो ।
- आम्दानीको मुख्य स्रोत परियोजनासम्बन्धी सहयोग रह्यो । मुख्यतः युरोपियन युनियनबाट करिब रु.२ करोड ४६ लाख, ट्रान्सपरेन्सी इन्टरनेशनलबाट करिब रु. १८ लाख र ट्रान्सपरेन्सी इन्टरनेशनल यूकेबाट करिब रु.७६ लाख पेश्कीस्वरुप प्राप्त भयो । परियोजनाहरूअन्तर्गत अघिल्लो आव २०७५/०७६ बाट ल्याइएको करिब रु. ९६ लाख उपलब्ध रहेको थियो ।
- यस वर्ष जम्मा खर्च करिब रु.२ करोड ८६ लाख रहेको छ । सोमध्ये गतिविधि र गतिविधि सम्बन्धि तलब खर्चमा करिब २ करोड ६३ लाख र प्रशासनिक खर्चमा करिब २२ लाख खर्च भएको छ । बाँकी रहेको रकम संस्थाको बैंक खाताहरूमा रहेको छ ।
- संस्थाको आफ्नै बचत रकम करिब रु. १ करोड ६५ लाख पुगेको । सो रकमहरू मुद्दति तथा बचत खातामा रहेको छ । यो श्रोतको अभावमा प्रयोग गर्न सकिनेछ ।

## ७. प्रभाव

वर्षभरि सम्पन्न उल्लेखित वहस पैरवी र गतिविधिहरूबाट निम्न केही मूलभूत प्रभाव परेको देखिएको छ :

- संस्थाले सरकारलाई भ्रष्टाचारका क्रियाकलापमा औंला उठाइरहेको छ र सो कार्यमा सञ्चारमाध्यमको मद्दत र चासो प्राप्त भएको छ । सरकारका कामहरूको निगरानी कसैले गरिरहेको छ भन्ने आभास दिलाउन सक्षम भएको छ ।
- सुधारका लागि भएका पहल, नियमित खबरदारी र निगरानीले मूलतः भ्रष्टाचारको प्रतिरोध गर्ने जमातको निर्माण गर्न सहयोगी भूमिका खेलेको छ । विकृति तथा विसंगतिविरुद्ध नागरिकहरू सुसूचित हुँदै यसका विरुद्ध आवाज बुलन्द गर्न केही मद्दत पुऱ्याएको छ ।
- सरकारको सेवा प्रवाहमा, अनियमितता, ढिलासुस्तीजस्ता विषयमा सुधारको पहल गरिएको छ । भ्रष्टाचारजन्य क्रियाकलापका लागि केही तगारोको काम गर्न सहयोग पुऱ्याएको छ ।
- टीआई नेपाल तथा सम्बन्धित नियमन कार्यालयमा भ्रष्टाचार अनियमितता तथा ढिलासुस्ती सम्बन्धमा प्राप्त हुने गुनासो सम्बन्धित कार्यालयहरूमा ध्यानाकर्षण गराइएका छन् भने भ्रष्टाचार विरुद्धको सहकार्यमा जोड दिइएको छ ।
- टीआई नेपालले समाजमा सदाचार जागरणका लागि मद्दत पुऱ्याएको कुरालाई कदर गर्दै शहीद स्मृति पुस्तकालय, रुपन्देहीले *"सदाचार जागरणका लागि पुरस्कार"* प्रदान गरेको छ ।
- भूकम्पपीडितका नाममा बनेका एककोठे घरको विषय, बैंकहरूको सेवा स्थानीयस्तरमा पुऱ्याउने विषय, जनप्रतिनिधिहरूको संलग्नता पुनर्निर्माणमा बढाउने विषय, लाभग्राहीको झन्झटिलो प्रक्रियालाई छोट्याउने विषय आदिमा सहकार्य गर्न सम्भव भएको छ ।
- सदाचारको प्रवर्द्धन गर्न विभिन्न जिल्लाका स्थानीय निकायमा सदाचार प्रतिवद्धता-पत्रमा हस्ताक्षर गराइएको छ । यसबाट जनमानसमा सुशासन, जवाफदेहिता, पारदर्शिताजस्ता महत्वपूर्ण सन्देशप्रवाह भएको छ ।
- सरकारी स्वास्थ्य सेवा प्रभावकारी नभएको, स्वास्थ्य संस्थामा औषधि नपाएको र खरिदसम्बन्धी सूचना सजिलै उपलब्ध नभएको, सेवामा ढिलासुस्ती भएको जस्ता विषयमा संस्थाको पहलले जनचेतना बृद्धि भएको छ ।
